# काठमाडौँ महानगरपालिका

येँ महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौँ, चैत १८ गते, २०८० साल


## भाग १

## काठमाडौँ महानगरपालिका सेवा करारमा कर्मचारी पदपुर्ति गर्नेसम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८०

**प्रस्तावना** : काठमाडौँ महानगरपालिका सेवा करारमा कर्मचारी पदपूर्ति गर्नेसम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, काठमाडौँ महानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम**"सेवा करारमा कर्मचारी पदपूर्ति गर्नेसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>सेवा करारमा कर्मचारी पदपूर्ति गर्नेसम्बन्धी कार्यविधि, २०७९ को दफा ३ को उपदफा (३) मा संशोधन</u>** : सेवा करारमा कर्मचारी पदपूर्ति गर्नेसम्बन्धी कार्यविधि, २०७९ (यसपछि 'मूल कार्यविधि' भनिएको) को दफा ३ को उपदफा (३) को खण्ड (ङ) पछि देहायबमोजिमको खण्ड (च) थप गरिएको छ :

"(च) नगर प्रहरी जवान"

३. **<u>मूल कार्यविधिको दफा ३ को उपदफा (४) मा संशोधन</u>** : मूल कार्यविधिको दफा ३ को उपदफा (४) को खण्ड (ग) हटाइएको छ ।

४. **<u>मूल कार्यविधिको दफा ८ को उपदफा (३) मा संशोधन</u>** : मूल कार्यविधिको दफा ८ को उपदफा (३) को खण्ड (क) पछि देहायबमोजिमको एक अनुच्छेद थप गरिएको छ :

"तर, सवारी चालकको हकमा न्यूनतम शैक्षिक योग्यता साधारण लेखपढ हुनेछ र यस खण्डबमोजिमको पूर्णाङ्कलाई प्रयोगात्मक परीक्षाबापत मूल्याङ्कन गरिनेछ ।"

५. **<u>मूल कार्यविधिको दफा ९ मा संशोधन</u>** : मूल कार्यविधिको दफा ९ को उपदफा (२) पछि देहायबमोजिमको उपदफा (३) र (४) थप गरिएको छ :

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि करार सेवामा कर्मचारी पदपूर्ति गर्दा परीक्षा सञ्चालन गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिमको समितिमा आवश्यकताअनुसार विषयविज्ञ थप गरी परीक्षा सञ्चालन, मूल्याङ्कन तथा अन्तवार्ता समिति गठन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको समितिले परीक्षा सञ्चालन, मूल्याङ्कन तथा अन्तर्वार्तासम्बन्धी आफ्नो कार्यविधि आफैँ निर्धारण गर्न सक्नेछ।"

स्वीकृत मिति : २०८०/१२/१८

**आज्ञाले**
**प्रदीप परियार**
**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी, काठमाडौँमा मुद्रित।**